# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असार २६ गते २०५७ साल (संख्या १३

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले कम्पनी ऐन, २०५३ को दफा १३४ को प्रयोजनको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको कम्पनी बोर्डको गठन गरी सो बोर्डको मुकाम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा रहने गरी तोकेको छ ।

१. श्री भानुप्रसाद आचार्य सह-सचिव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय –अध्यक्ष
२. श्री चण्डीप्रसाद श्रेष्ठ सह-सचिव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय –सदस्य
३. श्री बाबुराम रेग्मी सह-सचिव कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय –सदस्य

खण्ड ४८, अतिरिक्ताङ्क ३० (क), मिति २०५५ साल साउन २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित उद्योग मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

56

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन देहायका जिल्लाहरुका सम्पूर्ण क्षेत्रमा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

| | | | |
|---|---|---|---|
| १. पाँचथर | २ ताप्लेजुङ | ३. तेह्रथुम | ४. संखुवासभा |
| ५. भोजपुर | ६. खोटाङ्ग | ७. उदयपुर | ८. सोलुखुम्बु |
| ९. ओखलढुङ्गा | १०. दोलखा | ११. रामेछाप | १२. सिन्धुली |
| १३. सिन्धुपाल्चोक | १४. रसुवा | १५. तनहुं | १६. लम्जुङ्ग |
| १७. मनाङ्ग | १८. अर्घाखाँची | १९. गुल्मी | २०. पर्वत |
| २१. म्याग्दी | २२. बागलुङ | २३. मुस्ताङ | २४. प्युठान |
| २५. रोल्पा | २६. सल्यान | २७. रुकुम | २८. डोल्पा |
| २९. जाजरकोट | ३०. दैलेख | ३१. जुम्ला | ३२. मुगु |
| ३३. कालिकोट | ३४. हुम्ला | ३५. बाजुरा | ३६. अछाम |
| ३७. डोटी | ३८. बझाङ्ग | ३९. डडेलधुरा | |

आज्ञाले,

डा. मुक्ति नारायण श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५८

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५७ साल जेठ २३ को निर्णयानुसार अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराईलाई मिति २०५७ साल जेठ ३० देखि लागू हुने गरी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह (विशिष्ट श्रेणी) मा राखिएको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५७ साल जेठ २३ को निर्णयानुसार अर्थ मन्त्रालयका विशेष सचिव श्री विमलप्रसाद कोइरालालाई मिति २०५७ साल जेठ ३१ देखि लागू हुने गरी सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको छ।

आज्ञाले,
विद्युतराज चालिसे
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

900